त्रिभुवन विश्वविद्यालय

# त्रि.वि. सभा तथा कार्यकारी परिषद्‌को सचिवालय

कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.: ३६३/०७८/७९ मिति:- २०७९/०१/०२

श्री अनुसन्धान निर्देशनालय,
त्रिभुवन विश्वविद्यालय,
कीर्तिपुर ।

विषय: **निर्णय पठाइएको सम्बन्धमा ।**

उपर्युक्त विषयका सम्बन्धमा त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्‌को २०७८ चैत २९ गते बसेको बैठकको निर्णय नं. १३४९ त्यस निर्देशनालयसँग सम्बन्धित भएकोले आवश्यक कार्यार्थ पठाइएको बेहोरा अनुरोध गर्दछु । निर्णयसँग सम्बन्धित फाइल यसैसाथ संलग्न छ/छैन ।

रत्नबहादुर महर्जन
शाखा अधिकृत

निर्णय नं. १३४९

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका अध्ययन संस्थान, सङ्काय तथा अनुसन्धान केन्द्रहरूमा सञ्चालन हुने सबै प्रकारका अनुसन्धान कार्यहरूमा सहभागी हुने/गराइने मानव जाति, प्राणीहरू, पर्यावरणको रक्षा, अनुसन्धान आचरण/नैतिकता कार्यान्वयन गर्न र यसको असल अभ्यास प्रवर्द्धन र कार्यान्वयनको वैधानिक निकाय आवश्यक भएकाले त्रिभुवन विश्वविद्यालयको सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० को परिच्छेद ८ को दफा ३६ को उपदफा ६ को (क) र (ञ) मा भएको प्रावधानअनुसार त्रि.वि. अनुसन्धान निर्देशनालयबाट प्रस्तावित तपशिल बमोजिमको **"अनुसन्धान आचरण समीक्षा कार्यविधि २०७८"**स्वीकृत गर्ने निर्णय गरियो ।

Tel.: 4331838, Fax: 977-1-4331964, E-mail: registraroffice@tribhuvan-university.edu.np, P.O.Box No. 8212

त्रिभुवन विश्वविद्यालय
त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:

# त्रिभुवन विश्वविद्यालय
# अनुसन्धान आचरण समीक्षा कार्यविधि २०७८

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका अध्ययन संस्थान, सङ्काय तथा अनुसन्धान केन्द्रहरूमा सञ्चालन हुने सबै प्रकारका अनुसन्धान कार्यहरूमा सहभागी हुने/गराइने मानव जाति, प्राणीहरू, पर्यावरणको रक्षा, अनुसन्धान आचरण/नैतिकता कार्यान्वयन गर्न र यसको असल अभ्यास प्रवर्द्धन र कार्यान्वयनगर्ने वैधानिक निकाय आवश्यक भएकाले त्रिभुवन विश्वविद्यालयको सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० को परिच्छेद ८ को दफा ३६ को उपदफा ६ को (क) र (ञ) मा भएको प्रावधानअनुसार "**अनुसन्धान आचरण समीक्षा कार्यविधि २०७८**"त्रिभुवन विश्वविद्यालय, कार्यकारी परिषद्को बैठकबाट स्वीकृत गरी लागु गरिएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

**१.१ सङ्क्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम 'अनुसन्धान आचरण समीक्षा (Research Ethics Review)कार्यविधि २०७८ रहेको छ।

(ख) यो कार्यविधि कार्यकारी परिषद्ले स्वीकृति गरेको मितिदेखि लागु हुनेछ।

**१.२ परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा प्रयोग भएको :

(क) 'विश्वविद्यालय' भन्नाले त्रिभुवन विश्वविद्यालय (त्रिवि) सम्झनु पर्दछ।

(ख) 'ऐन' भन्नालेत्रिभुवन विश्वविद्यालय ऐन २०४९ लाई सम्झनु पर्दछ।

(ग) नियम' भन्नाले त्रिभुवन विश्वविद्यालयसम्बन्धी नियमहरू सम्झनु पर्दछ।

(घ) 'कार्यकारी परिषद्' भन्नाले त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद् सम्झनु पर्दछ।

(ङ) 'बोर्ड' भन्नाले अनुसन्धान आचरण समीक्षा बोर्ड सम्झनु पर्दछ।

(च) 'समिति' भन्नाले अनुसन्धान आचरण समीक्षा समिति सम्झनु पर्दछ।

(छ) 'अध्यक्ष' भन्नाले अनुसन्धान आचरण समीक्षा बोर्ड वा समितिका अध्यक्ष सम्झनु पर्दछ।

(ज) 'सदस्य-सचिव' भन्नाले अनुसन्धान आचरण समीक्षा बोर्ड तथा समितिको सदस्य सचिव सम्झनु पर्दछ।

(झ) 'सदस्य' भन्नाले अनुसन्धान आचरण समीक्षा बोर्ड वा समितिको सदस्य सम्झनु पर्दछ।

(ञ) 'अनुसन्धानकर्ता' भन्नाले अनुसन्धानको कार्यमा संलग्न हुने अन्वेषक, टोली प्रमुख, सह प्रमुख, अनुसन्धान सहयोगी, प्रश्नकर्ता आदि सदस्यलाई सम्झनु पर्दछ।

(ट) 'उत्तरदाता' भन्नाले अनुसन्धानको कार्यमा जानकारी दिने, अनुसन्धानका लागि प्रयोग गरिने प्रश्नहरूको उत्तर दिने, सहभागी हुने व्यक्ति, समूह, समुदाय र संस्थालाई समेत सम्झनु पर्दछ।

Tel.: 4331838, Fax: 977-1-4331964, E-mail: registraroffice@tribhuvan-university.edu.np, P.O.Box No. 8212

त्रिभुवन विश्वविद्यालय

त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:

## परिच्छेद - २

## अनुसन्धान आचरण समीक्षाको सिद्धान्त तथा उद्देश्य

२.१ अनुसन्धान कार्यको समीक्षा समुदाय तथा व्यक्तिको सम्मान, स्वायत्तता, स्वतन्त्रता, गरिमा, निष्ठा, समन्याय, गोपनीयता र लाभको ख्याल गर्ने र अरूलाई हानी नगर्ने सिद्धान्तमा आधारित हुनेछ ।

२.२ उद्देश्य

क) अनुसन्धान कार्यमा सहभागी हुने व्यक्तिहरू तथा समुदायको शारीरिक, सामाजिक, मानसिक तथा संवेगात्मक स्वास्थ्य तथा भलाइ (Well-being)को रक्षाका साथै समग्र मानव जाति, प्राणीहरू र पर्यावरणको रक्षा गर्ने ।

ख) विश्वविद्यालयका प्राध्यापक, विद्यार्थी तथा कर्मचारीहरूले सञ्चालन वा कार्यान्वयन गर्ने अनुसन्धानमा सहभागी गराइने समुदाय तथा व्यक्तिको व्यक्तिगत स्वतन्त्रता तथा अधिकारको रक्षा गर्नु ।

ग) प्रस्तावित अनुसन्धानका जोखिम र फाइदाहरूको लेखाजोखा गरी अनुसन्धान प्रक्रियामा हुन सक्ने जोखिमलाई न्यूनीकरण गर्न अपनाइने उपायहरूको कार्यान्वयनलाई सुनिश्चित गरी अनुसन्धानका सम्भावित फाइदाहरूबाट अनुसन्धान कार्यलाई जायज तथा समन्याय (Equity) मा आधारित गराउने ।

घ) अनुसन्धानका सहभागीहरूबाट प्राप्त सूचना तथा जानकारीको गोपनीयता सुनिश्चित गर्ने ।

ङ) अनुसन्धानमा सहभागी हुने प्रत्येक व्यक्तिबाट सहभागी हुनु अघि उपयुक्त तरिकाबाट सुसूचित गर्ने, सहमति/मञ्जुरीनामा लिने कार्यको सुनिश्चितता गर्ने/गराउने ।

च) अनुसन्धानकर्ता र अनुसन्धान नियामक संस्थाबिच सहयोगात्मक प्रक्रिया सृजना गर्ने र सहजीकरण गर्ने ।

छ) त्रिभुवन विश्वविद्यालयमा अनुसन्धान आचरणसहितकोउच्चस्तरीय अनुसन्धान कार्यलाई प्रवर्द्धन गर्न सहजीकरण गर्ने ।

## परिच्छेद - ३

## अनुसन्धान आचरण समीक्षा बोर्डको गठन

**[Ethical Review Board (ERB)]**

### ३.१ समीक्षा बोर्डको गठन

विश्वविद्यालयको केन्द्रीय कार्यालय अन्तर्गत केन्द्रीय अनुसन्धान आचरण समीक्षा बोर्ड (ERB) गठन हुनेछ । लैङ्गिक समावेशितासहित बहुविधाका विज्ञहरू समावेश गरी ७ सदस्यीय बोर्ड गठन गर्नु पर्दछ । बोर्डमा त्रिभुवन विश्वविद्यालयभन्दा बाहिरबाट कम्तीमा एकजना सदस्य समावेश हुनु पर्दछ । यसका साथै सम्बन्धित संस्था अवस्थित रहेको स्थानीय सरकारले सिफारिस गरेका एक जना व्यक्तिलाई

त्रिभुवन विश्वविद्यालय
त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:
समितिमा समावेश गर्न सकिने छ । यो बोर्डको गठन शिक्षाध्यक्षको सिफारिसमा कार्यकारी परिषद्ले गर्नेछ । सो परिषद्ले अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ । समितिको कार्यकाल ४ (चार) वर्षको हुनेछ । कार्यकाल पूरा भई नयाँ समिति गठन गर्दा बढीमा ५० प्रतिशत सदस्यहरू पुरानो समितिबाट समावेश गरिनेछ । यसको गठन देहायबमोजिम हुनेछ :

१. अध्यक्ष..........
२. सदस्य ३ जना
३. सदस्य-सचिव (त्रि.वि. अनुसन्धान निर्देशनालयका निर्देशक पदेन)

### ३.२ बोर्डका अध्यक्ष तथा सदस्यहरूको योग्यता तथा छनोटका आधारहरू

क) विद्यावारिधि उपाधि आर्जन गरी ५ वर्षभन्दा बढी समयसम्म विभिन्न अनुसन्धान परियोजनामा मुख्य तथा सहायक अनुसन्धानकर्ता भई काम गरेको,

ख) Scimago SJRवा सो सरहको मान्यताप्राप्त जर्नलमा कम्तीमा २ वटा लेख प्रकाशन गरेको,

ग) बौद्धिक चोरी (Plagiarism) को कसुर नलागेको,

घ) सार्वजनिक हितमा काम गर्ने, उत्तरदायित्व वहन गर्ने तथा प्राज्ञिक उन्नयनमा क्रियाशील रहेको,

ङ) अनुसन्धान आचरण समीक्षाको बारेमा ज्ञान तथा अनुभव अथवा तालिम प्राप्त भएको हुनु पर्नेछ ।

च) स्थानीय सरकारले सिफारिस गर्ने सदस्यको हकमा भने माथि उल्लिखित योग्यता लागु हुनेछैन ।

## परिच्छेद - ४
## बोर्डका कार्यहरू(Functions of ERB)

४.१ विश्वविद्यालयको अनुसन्धान आचरण समीक्षासम्वन्धी नीति तथा कार्यक्रम बनाउने ।

४.२ अनुसन्धान आचरण समीक्षासम्बन्धी तालिम तथा गोष्ठी सञ्चालन गर्ने ।

४.३ यसअन्तर्गत विभिन्न संस्थान तथा सङ्कायहरूमा गठित अनुसन्धान आचरण समितिहरूको क्षमता अभिवृद्धि गर्ने, समितिहरूका समीक्षा कार्यहरूको अनुमगन गरी आवश्यक सुझाव उपलब्ध गराउने ।

४.४ प्रस्तावित अनुसन्धानकार्यलाई स्वीकृत वा अस्वीकृत गरेको निर्णयको जानकारी अनुसन्धानकर्ता तथा अनुसन्धान गर्ने सम्वन्धित संस्थाहरूलाई लिखितरूपमा जानकारी गराउने

४.५ बोर्डले गरेका क्रियाकलाप जस्तै : बैठकको निर्णय पुस्तिका, निर्णयहरू, समीक्षा गरेका अनुसन्धान प्रस्ताव तथा यससँग सम्वन्धित सबै कागजात, अनुसन्धानकर्तासँग गरिएका पत्राचार, अनुसन्धान आचरणसँग सम्बन्धित तालिम तथा गोष्ठी आदिको अभिलेख चुस्त दुरुस्त राख्ने । सबै प्रकारका अभिलेख कम्तीमा ५ वर्षसम्म सुरक्षित राख्नु पर्दछ ।

Tel.: 4331838, Fax: 977-1-4331964, E-mail: registraroffice@tribhuvan-university.edu.np, P.O.Box No. 8212

प.सं.स.का.प.च.नं.:

## परिच्छेद - ५
## बोर्डबाट स्वीकृति लिनुपर्ने अनुसन्धान प्रस्तावका प्रकार तथा आधार

५.१ प्राध्यापक तथा कर्मचारीले दुई वा दुईभन्दा बढी विभागहरू सहकार्यमा हुने वा कुनै प्राध्यापक वा विभाग/सङ्काय/निकायले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्था/विश्वविद्यालयहरूसँग मिलेर गरिने सहकार्यात्मक अनुसन्धान परियोजनाका प्रस्तावहरू,

५.२ अनुसन्धान लागत पचास लाख रुपैंयाभन्दा बढी भएका अनुसन्धान परियोजनाहरू,

५.३ अन्तर्राष्ट्रिय सहकार्यमा सञ्चालन हुने सबै प्रकारका अनुसन्धान परियोजना प्रस्तावहरू,

५.४ परिच्छेद ५ मा उल्लेख गरिएका अनुसन्धान प्रस्तावहरूका आधारबाहेक अन्य प्रस्तावहरू यस बोर्डअन्तर्गत रहेका समितिहरूमा स्वीकृतिका लागि अनिवार्य रूपमा पेस गर्नु पर्नेछ ।

५.५ सबै समितिहरूले स्वीकृत गरेका प्रस्तावहरू वार्षिक रूपमा बोर्डमा अनिवार्यतः पेस गर्नु पर्नेछ ।

## परिच्छेद - ६
## बोर्डका अध्यक्ष तथा सदस्यहरूको काम र कर्तव्य

**६.१. अध्यक्षको काम कर्तव्य**

क) विश्वविद्यालयको अनुसन्धान नीति तथा ऐन नियमअनुसार अनुसन्धान कार्यको आचरण समीक्षा, सुपरिवेक्षण तथा यससँग सम्बन्धित गतिविधि सञ्चालन गर्ने ।

ख) बोर्डको बैठकको अध्यक्षता गर्ने र बैठक सञ्चालन गर्ने ।

ग) आवश्यकताअनुसार सदस्य-सचिवसँग परामर्श गरी बैठकहरू आह्वान गर्ने ।

घ) अनुसन्धान परियोजनासँग आबद्ध भएका वा चासो वा स्वार्थ बाझिएका सदस्यलाई बैठकको मतदानका बखत सभाकक्षबाट बाहिर जान अनुरोध गर्ने ।

ङ) बैठक एजेन्डामा छलफल पश्चात् प्रत्येक प्रस्तावको निर्णयमा पुग्न मतदान गर्ने ।

च) बैठक भइरहेको समयमा बैठकलाई मर्यादित बनाउन पहल गर्ने ।

छ) अनुसन्धान कार्यको समीक्षाको बैठकमा चासो वा स्वार्थ बाझिएमा आवश्यक सूचना दिएर छलफलमा भाग नलिने र निर्णायक मत दिने समयमा सभाकक्षबाट बाहिरिने ।यस अवस्थामा उमेरका आधारमा वरिष्ठ सदस्यबाट अध्यक्षता ग्रहण गर्ने ।

ज) सदस्य-सचिवमार्फत आफ्नो मातहतका कर्मचारीहरूलाई निर्देशन तथा मार्गदर्शन दिनेर कार्यालयबाट हुने सम्पूर्ण पत्राचार सदस्य सचिवमार्फत गराउने ।

त्रिभुवन विश्वविद्यालय
## त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय
कीर्तिपुर, काठमाडौं, नेपाल

**६.२ बोर्डका सदस्यहरूको काम तथा कर्तव्य**

प.स.स.का.प.च.नं.:

क) विश्वविद्यालयको अनुसन्धान नीति तथा ऐन नियमअनुसार अनुसन्धान कार्यको आचरण समीक्षा तथा सुपरिवेक्षण गर्ने ।

ख) अनुसन्धान आचरण समीक्षासम्बन्धी कार्यक्रम प्रवर्द्धन तथा गतिविधि सञ्चालन गर्न क्रियाशील हुने ।

ग) कुनै अनुसन्धान कार्यको समीक्षकको रूपमा नियुक्ति गरिएमा उक्त कार्य समयमा पूरा गर्ने ।

घ) समीक्षा गर्ने क्रममा अनुसन्धानसँग स्वार्थ बाझिने भएमा तुरुन्त अध्यक्षलाई जानकारी गराउने ।

ङ) आचरण समीक्षा निर्देशिकाअनुसार सहमति पत्र र सहभागीहरूलाई अनुसन्धानको सम्भावित जोखिम, फाइदा तथा बेफाइदाबारे सहमति/जानकारी भए नभएको अनुगमन गर्ने ।

च) अनुसन्धान कार्यबाट सहभागीलाई कम हानी हुने गरी उनीहरूलाई अनुसन्धान कार्यमा सहभागी गर्ने मापदण्ड उपयुक्त भए नभएको निश्चय गर्ने ।

छ) समितिको बैठकमा सहभागी भई प्रस्तावित कार्यसूचीमा छलफल गर्ने र आफ्नो राय दिने र निर्णयमा पुग्ने ।

ज) अनुसन्धान कार्यको समीक्षाको बैठकमा चासो वा स्वार्थ बाझिएमा आवश्यक सूचना दिएर छलफलमा भाग नलिने र निर्णायक मत दिने समयमा सभाकक्षबाट बाहिरिने ।

झ) मनासिब कारण देखाई लिखित जानकारीविना लगातार तिन पटकसम्म बैठकमा अनुपस्थित भएमा सदस्यता स्वतः निलम्बन हुनेछ ।

## परिच्छेद - ७
## अनुसन्धान आचरण समीक्षा समितिको गठन
[Ethical Review Committee (ERC)]

**७.१ समीक्षा समितिको गठन**

त्रिभुवन विश्वविद्यालयअन्तर्गतका प्रत्येक अध्ययन संस्थान तथा सङ्कायमा अनुसन्धान आचरण समीक्षा समिति ([redacted] लैङ्गिक समावेशितासहित बहुविधा विज्ञहरू समावेश गरी ५ देखि ७ सदस्यीय समीक्षा समिति गठन गर्नु पर्दछ ।समितिमा एक जना अध्यक्ष र एक जना सदस्य-सचिव र बाँकी सबै सदस्यहरू हुनेछन् । समितिमा सम्बन्धित संस्थाभन्दा बाहिरबाट एक जना अनुसन्धान तथा अनुसन्धान आचरण समीक्षामा ज्ञान तथा अनुभव [illegible]लाई समावेश गरिएको हुनु पर्दछ । समितिको कार्यकाल ३ वर्षको हुनेछ । कार्यकाल पूरा भई नयाँ समिति गठन गर्दा बढीमा ५० प्रतिशत सदस्यहरू पुरानो समितिबाट समावेश गर्नु पर्नेछ ।

Tel.: 4331838, Fax: 977-1-4331964, E-mail: registraroffice@tribhuvan-university.edu.np, P.O.Box No. 8212

त्रिभुवन विश्वविद्यालय
त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:

७.२ **अध्यक्ष तथा सदस्यहरूको योग्यता** : समितिका अध्यक्ष तथा सदस्यहरूको योग्यता देहायबमोजिम हुनेछ :

क) विद्यावारिधि उपाधि आर्जन गरी प्राध्यापक तथा सहप्राध्यापक भई विभिन्न अनुसन्धान परियोजनामा मुख्य तथा सहायक अनुसन्धानकर्ता भई काम गरेको ।

ख) Scimago SJRवा सो सरह मान्यता जर्नलमा कम्तिमा १ वटा लेख प्रकाशन गरेको ।

ग) अनुसन्धान आचरण समीक्षाको बारेमा ज्ञान तथा अनुभव अथाव तालिम प्राप्त भएको ।

घ) बौद्धिक चोरी (Plagiarism) को कसुर नलागेको ।

ङ) सार्वजनिक हितमा काम गर्ने, उत्तरदायित्व वहन गर्ने तथा प्राज्ञिक उन्नयनमा क्रियाशील रहेको ।

## परिच्छेद - ८
## समितिका कार्यहरू(Functions of ERC)

८.१ सम्वन्धित डीनको कार्यालयमा बनेको समितिले सोही कार्यालयको मातहत तथा मातहतका विभागहरूमा सञ्चालन भएका विद्यावारिधि अनुसन्धान कार्य वा लघु अनुसन्धान तथा रु. ५० लाखसम्मका अनुसन्धान परियोजनाका आचरण समीक्षा गरी स्वीकृत प्रदान गर्ने

८.२ अनुसन्धान कार्यका लागि अपनाउनु पर्ने आचरण व्यवस्था गरिएअनुसार ठिक छ भनी स्वीकृत भएका सबै अनुसन्धान कार्यहरूका आचरण समीक्षा निर्देशिका (Ethical Review Guidelines) अनुसार सञ्चालन भए नभएको बारेमा अनुगमन, सुपरिवेक्षण तथा समीक्षा गर्ने ।

८.३ प्रस्तावित अनुसन्धानकार्य स्वीकृत वा अस्वीकृत भएको निर्णयको जानकारी अनुसन्धानकर्ता तथा अनुसन्धान गर्ने सम्वन्धित संस्थाहरूलाई लिखित रूपमा जानकारी गराउने ।

८.४ समितिले गरेका क्रियाकलाप जस्तै : बैठकको निर्णय पुस्तिका, निर्णयहरू, समीक्षा गरेका अनुसन्धान प्रस्ताव तथा यससँग सम्वन्धित सबै कागजात, अनुसन्धानकर्तासँग गरिएका पत्राचार, अनुसन्धान आचरणसम्बन्धी तालिम आदिको अभिलेख चुस्त दुरुस्त राख्ने । सबै प्रकारका अभिलेख कम्तीमा ५ वर्षसम्म सुरक्षित राख्नु पर्दछ ।

## परिच्छेद - ९
## समितिका अध्यक्ष तथा सदस्यको काम-कर्तव्य

**९.१ अध्यक्षको काम-कर्तव्य**

क) विश्वविद्यालयको अनुसन्धान नीति तथा ऐन नियमअनुसार अनुसन्धान कार्यको आचरण समीक्षा, सुपरिवेक्षण तथा यससँग सम्वन्धित गतिविधि सञ्चालन गर्ने ।

ख) समितिको बैठकको अध्यक्षता गर्ने र बैठक सञ्चालन गर्ने ।

Tel.: 4331838, Fax: 977-1-4331964, E-mail: registraroffice@tribhuvan-university.edu.np, P.O.Box No. 8212

त्रिभुवन विश्वविद्यालय
त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:

ग) आवश्यकताअनुसार सदस्य-सचिवसँग परामर्श गरी बैठकहरू बोलाउने ।

घ) अनुसन्धान परियोजनासँग आबद्ध भएका वा चासो वा स्वार्थ बाझिएका सदस्यलाई बैठकको मतदान बखत सभाकक्षबाट बाहिर जान अनुरोध गर्ने ।

ङ) बैठक एजेन्डामा छलफलपश्चात् प्रत्येक प्रस्तावको निर्णयमा पुग्न मतदान गर्ने ।

च) बैठक भइरहेको समयमा बैठकलाई मर्यादित तुल्याउने ।

छ) अनुसन्धान कार्यको समीक्षाको बैठकमा चासो वा स्वार्थ बाझिएमा आवश्यक सूचना दिएर छलफलमा भाग नलिने र निर्णायक मत दिने समयमा सभाकक्षबाट बाहिरिने ।यस अवस्थामा उमेरका आधारमा वरिष्ठ सदस्यबाट अध्यक्षता ग्रहण गर्ने ।

ज) सदस्य-सचिवमार्फत आफ्नो मातहतका कर्मचारीहरूलाई निर्देशन तथा मार्गदर्शन दिनेर कार्यालयबाट हुने सम्पूर्ण पत्राचार सदस्य सचिवमार्फत गराउने ।

**९.२ समिति सदस्यहरूको काम र कर्तव्य**

क) विश्वविद्यालयको अनुसन्धान नीति तथा ऐन नियमअनुसार अनुसन्धान कार्यको समीक्षा तथा सुपरिवेक्षण गर्ने ।

ख) कुनै अनुसन्धान कार्यको समीक्षकको रूपमा नियुक्ति गरिएमा उक्त कार्य समयमा पूरा गर्ने ।

ग) समीक्षा गर्ने क्रममा अनुसन्धानसँग स्वार्थ बाझिने भएमा तुरुन्त अध्यक्षलाई जानकारी गराउने ।

घ) आचरण समीक्षा निर्देशिकाअनुसार सहमति पत्र र सहभागीहरूलाई अनुसन्धानको सम्भावित जोखिम, फाइदा तथा वेफाइदाबारे सहमति/ जानकारी भए नभएको अनुगमन गर्ने ।

ङ) अनुसन्धान कार्यबाट सहभागीलाई कम हानी हुने गरी उनीहरूलाई अनुसन्धान कार्यमा सहभागी बनाउने मापदण्ड उपयुक्त भए नभएको निश्चय गर्ने ।

च) समितिको बैठकमा सहभागी भई प्रस्तावित कार्यसूचीमा छलफल गर्ने र आफ्नो राय दिने र निर्णयमा पुग्ने ।

छ) अनुसन्धान कार्यको समीक्षाको बैठकमा चासो वा स्वार्थ बाझिएमा आवश्यक सूचना दिएर छलफलमा भाग नलिने र निर्णायक मत दिने समयमा सभाकक्षबाट बाहिरिने ।

ज) मनासिब कारण देखाई लिखित जानकारीविना लगातर तिन पटकसम्म बैठकमा अनुपस्थित भएमा सदस्यता स्वतः निलम्बन हुनेछ ।

## परिच्छेद - १०
## कार्यालयको स्थापना

१०.१ अनुसन्धान आचरण समीक्षा बोर्डको कार्यालय त्रि.वि. शिक्षाध्यक्षको कार्यालयअन्तर्गत स्थापना हुनेछ ।

१०.२ अनुसन्धान आचरण समीक्षा समितिको कार्यालय संस्थान/सङ्काय डीनको कार्यालय अन्तर्गत स्थापना हुनेछ ।

Tel.: 4331838, Fax: 977-1-4331964, E-mail: registraroffice@tribhuvan-university.edu.np, P.O.Box No. 8212

१०.३ सम्बन्धित निकाय प्रमुखले अनुसन्धान आचरण समीक्षासम्बन्धी कार्यक्रम सञ्चालन गर्न आवश्यक भौतिक, मानवीय र वित्तीय स्रोत र साधनकोव्यवस्थापन गर्नुपर्ने छ ।

प.स.स.का.प.च.न.

## परिच्छेद - ११

## अनुसन्धान आचरण समीक्षा निर्देशिका (Research Ethics Review Guidelines)

अनुसन्धान परियोजना समीक्षा कार्यसँग सम्बन्धित क्रियाकलाप वैज्ञानिक मापदण्डअनुसार सञ्चालन गर्नका लागि सम्बन्धित बोर्ड वा समितिले आचरण समीक्षा निर्देशिका तयार पारी केन्द्रीय अनुसन्धान आचरण समीक्षा बोर्डले स्वीकृत गरी लागु गर्नु पर्नेछ ।

## परिच्छेद - १२

## बोर्ड तथा समितिको बैठक(Meeting of ERB and ERC)

१२.१ बोर्ड वा समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक वा अवश्यकताअनुसार नियमित रूपमा बस्न सक्नेछ ।

१२.२ बोर्ड वा समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बोलाउनेछ ।

१२.३ बैठकमा ५० प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा गणपुरक मानिनेछ ।

१२.४ आवश्यकताअनुसार विज्ञहरूलाई आमन्त्रण गर्न सकिने छ तर आमन्त्रित सदस्यलाई निर्णायक मत दिने अधिकार रहने छैन ।

१२.५ बैठकको निणर्य पत्राचारको अतिरिक्तवेबसाइट एवम् सूचना पाटीमा प्रकाशन गर्नु पर्दछ ।

## परिच्छेद - १३

## समीक्षाका प्रकार तथा प्रक्रिया (Types of Review and Process)

१३.१ सबै प्रकारका अनुसन्धान कार्य सुरु हुनुभन्दा अघि अनुसन्धान प्रस्तावको समितिले समीक्षा गरी स्वीकृत गर्नु पर्दछ ।

१३.२ अनुसन्धान प्रस्तावलाई तिन प्रकारबाट वर्गीकरण गरी समीक्षा प्रक्रिया सञ्चालन गर्नु पर्दछ ।

१३.३ स्थापित शैक्षिक तथा सामुदायिक संस्थामा नियमित क्रियाकालपका रूपमा सञ्चालन हुने अनुसन्धान कार्य जस्तै : विश्वविद्यालयमामा नियमित रूपमा हुने अध्ययन अध्यापन कार्य, तालिम सञ्चालन, कक्षा व्यवस्थापन, खेलकुद, परीक्षा लिने तथा परामर्श दिने कार्य आदि कार्यहरूको अवलोकन तथा अभिलेखबाट तथ्याङ्क लिने वा मानिसहरूलाई सहभागी नगराई गरिने ल्याब, जीवजन्तुहरूको बानी व्यवहार यथास्थितिमा अवलोकन तथा भौतिक वातावरणको अवलोकन जस्ताअनुसन्धाकार्यहरूको हकमा अनुमति लिइरहनु नपर्ने

त्रि.वि.सभा तथा कार्यकारी परिषद्को सचिवालय

प.सं.स.का.प्र.च.नं.:

१३.४ सङ्घ सस्थाहरूले महामारी रोग फैलिएको अवस्थामा र विपद्को अवस्थामा न्यून जोखिम हुने गरी शीघ्र रूपमा गरिने अनुसन्धान प्रस्तावहरूको द्रुत समीक्षा गर्नु पर्दछ ।

१३.५ सीमान्तकृत तथा जोखिम समूहका मानिस तथा समुदाय जस्तै : राउटे, चेपाङ, अठार वर्ष कम उमेरका बालबालिकाहरू, बन्दीगृहमा रहेका मानिसहरू, हिंसामा तथा द्वन्द्वमा परेका समुदाय, सामाजिक रूपले अत्यन्तै संवेदनशील विषयवस्तुमा गरिने अध्ययन, गैरकानुनी क्रियाकलापको बारेमा गरिने अध्ययन, समुदाय तथा व्यक्तिको शारीरिक, मानसिक, संवेगात्मक तथा सामाजिक स्वास्थ्यमा असर वा हानी गर्न सक्ने सबै प्रकारका अनुसन्धान प्रस्तावहरूको पूर्ण समीक्षा गर्नु पर्दछ ।

१३.६ विदेशी विश्वविद्यालय वा विदेशी सङ्घ सस्थाहरूसँगको सहकार्यबाट गरिने रु.५०,००,००० ( पचास लाख) भन्दा बढीको अनुसन्धान प्रस्तावको समीक्षा केन्द्रीय समीक्षा बोर्डबाट गराउनु पर्दछ ।

## परिच्छेद - १४

## समीक्षा तथा स्वीकृत गर्ने मापदण्ड(Criteria of Review and Approval)

१४.१ वैज्ञानिक अनुसन्धान ढाँचा, उपयुक्त विधि तथा प्रक्रिया प्रयोग गरी अनुसन्धान क्षेत्रका व्यक्ति, समूह, समुदाय, जीवजन्तु, वनस्पति, वातावरण तथा पर्यावरणमा हुन सक्ने जोखिम न्यूनीकरण गर्ने वा थप जोखिम हुन नदिने अनुसन्धान प्रस्ताव भएको हुनुपर्ने ।

१४.२ अनुसन्धानबाट प्राप्त अनुमानित फाइदाको तुलनामा जोखिम कम भएकोहुनुपर्ने ।

१४.३ समन्वयात्मक र पक्षपातरहित तरिकाले अध्ययन क्षेत्र तथा नमुना छनोट गर्ने विधि उल्लेख भएकोहुनुपर्ने ।

१४.४ अनुसन्धान तथ्याङ्क सङ्कलन गर्नुअघि सम्बन्धित निकाय, समूह तथा व्यक्तिबाट पूर्व स्वीकृति लिने वा सुसूचित गर्ने, सहमति लिने विधि तथा प्रक्रिया, लिने तरिका र प्राप्त सहमति अभिलेख राख्ने तरिका उल्लेख भएकोहुनुपर्ने ।

१४.५ अनुसन्धान क्षेत्रमा सहभागी हुने सबै पक्षको सुरक्षा गर्ने अभिप्रायले अनुसन्धान कार्यक्रम, यसको ढाँचा, गतिविधिको अनुगमन तथा सुपरिवेक्षण प्रावधान उल्लेख भएकोहुनुपर्ने ।

१४.६ अनुसन्धानमा सहभागी हुने सबै पक्ष एवम् तह तथा तथ्याङ्कहरूको गोपनीयता कायम गर्ने प्रावधानहरू उल्लेख भएकोहुनुपर्ने ।

त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

त्रिभुवन विश्वविद्यालय

# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:

## परिच्छेद - १५

## स्वीकृतिको प्रमाण-पत्र (Certification of Approval)

अनुसन्धानकर्ताले अनुसन्धान आचरण समितिमा पेस गरेका अनुसन्धान प्रस्ताव लगायत सबै कागजातहरू ३५ दिनभित्र समीक्षा कार्य पूरा गरी अनुसन्धान कार्यलाई अनुमोदन गर्ने वा नगर्ने बारेमा निर्णय गर्नु पर्दछ । यदि ३५ दिनभित्र समीक्षा कार्य सम्पन्न हुन नसक्ने अवस्थामा समितिले यसको बारेमा अनुसन्धानकर्तालाई यथार्थ जानकारी दिनु पर्दछ । अनुसन्धान प्रस्ताव समितिले अनुमोदन गर्नासाथ सम्बन्धित संस्था तथा अनुसन्धानकर्तालाई स्वीकृतिको प्रमाण-पत्र प्रदान गर्नु पर्दछ

## परिच्छेद - १६

## अनुमोदनपछि अनुगमन (Post-approval Monitoring)

समितिले अनुमोदन गरेका अनुसन्धान कार्यका बारेमा निर्धारित प्रक्रियाको आधारमाअनुसन्धान कार्यहरूको प्रगति अनुमगन गरिने छ ।

## परिच्छेद - १७

## प्रकाशन आचरण (Publication Ethics)

१७.१ अनुसन्धान नतिजाको प्रकाशन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलनमा प्रकाशन गर्दा त्रि.वि.को वा नेपाल स्वास्थ्य अनुसन्धान परिषद् वा अन्य संस्थाबाट मान्यता प्राप्त आचरण समीक्षा समितिबाट स्वीकृत भएको उल्लेख गर्नु पर्नेछ ।

१७.२ अनुसन्धान लेख प्रकाशन गर्दा अनुसन्धान कायर्मालेखकहरूको योगदानकोआधारमा क्रमबद्धता कायम गर्नुपर्दछ ।

## परिच्छेद - १८

## आर्थिक व्यवस्थापन

१८.१ **आम्दानी** : अनुसन्धान आचरण समितिले निम्नानुसारका स्रोतहरूबाट आर्थिक व्यवस्थापन गर्न सक्नेछ :

क) शोधार्थी वा परियोजना प्रस्ताव पेस गर्ने संस्था तथा व्यक्तिबाट प्राप्त हुने आवेदन तथा समीक्षा शुल्क आम्दानीको मुख्य स्रोत हुनेछ । सम्बन्धित व्यक्ति वा संस्थाले सुरुमा समीक्षा आवेदन शुल्क रु. २००० (अक्षेरुपी एक हजार) र अनुसन्धान परियोजना/प्रस्ताव स्वीकृत भएपछि कुल

Tel.: 4331838, Fax: 977-1-4331964, E-mail: registraroffice@tribhuvan-university.edu.np, P.O.Box No. 8212

त्रिभुवन विश्वविद्यालय
# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:

बजेटको १ प्रतिशत रकम समीक्षा शुल्कवापत छुट्याउनु पर्नेछ। विद्यावारिधि गर्ने विद्यार्थीहरूको अनुसन्धान प्रस्ताव समीक्षाका लागि २ हजार र एम.फिल. तथा स्नातकोत्तर तहका लागि १ हजार समीक्षा शुल्क लाग्नेछ।

ख) त्रि.वि.बाट प्राप्त रकम।

ग) नेपाल सरकार तथा विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त अनुदान रकम।

घ) अन्य दातृ सङ्घ संस्था/व्यक्तिबाट आर्थिक सहयोगस्वरूप प्राप्त रकम।

१८.२ **खर्चहरू** : समितिको कार्य सञ्चालन, समीक्षा, क्षमता विकास तथा बैठकहरू सञ्चालन गर्न आवश्यक खर्चहरू त्रिविको नियमानुसार गर्नुपर्ने छ।

क) समितिको बैठकमा सहभागी सदस्य तथा कर्मचारीलाई विश्वविद्यालयको नियमानुसार बैठक भत्ता दिइने छ।

ख) प्रस्तावित अनुसन्धान परियोजना समीक्षाकर्तालाई प्रति प्रस्तावको रु २०००।- का दरले भुक्तानी दिइने छ।

ग) बैठकमा सहभागी सदस्य प्रतिव्यक्ति रु २००।- दरले खाजा खर्चको व्यवस्था गरिने छ।

१८.३ **लेखा र लेखा परीक्षण**

कार्यक्रमको लेखा तथा लेखा परीक्षण त्रि.वि.को प्रचलित ऐन, नियमबमोजिम हुनेछ।

## परिच्छेद - १९
## विविध व्यवस्था

१९.१ यस कार्यविधिबमोजिम काम कारवाही गर्दा गराउँदा कुनै बाधा अड्काउ पर्न गएमा त्यस्तो बाधा अड्काउ हटाउने वा फुकाउने अधिकार त्रि.वि. कार्यकारी परिषद्लाई हुनेछ।

१९.२ यस कार्यविधिको व्याख्या गर्ने अधिकार कार्यकारी परिषद्लाई हुनेछ।

१९.३ यस कार्यविधिले त्रि.वि. अन्तरगतका अनुसन्धान केन्द्रहरू, संस्थान तथा सङ्कायहरू, केन्द्रीय विभाग तथा क्याम्पसहरूले अनुसन्धान कार्यमा हालसम्म अपनाउँदै आएका राम्रा अभ्यासहरूलाई मान्यता दिनेछ।

***

त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

Tel.: 4331838, Fax: 977-1-4331964, E-mail: registraroffice@tribhuvan-university.edu.np, P.O.Box No. 8212